नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
मंसीर/पौष २०६७ (December 2010) वर्ष १४/अङ्क १६५

## परिषद् भेला २०१० एक ऐतिहासिक सन्दर्भ

-एल्डर दिल थापा

यही नोभम्वर २८, २०१० तदनुसार मार्ग १२, २०६७ का दिन नेपाली इसाई मण्डली ज्ञानेश्वरमा नेइमको परिषद् बैठक बस्यो । उक्त बैठक केबल बैठकमात्र नभई एउटा अगुवावर्गको महाभेला नै थियो जसमा नेइम अन्तर्गतका चारैवटा मुख्य मण्डलीहरू तथा तिनीहरूका काठमाडौं उपत्यकाभित्रका छोरी मण्डली वा संगतिहरूका अगुवाहरू उपस्थित थिए । नेइम जोरपाटी, ज्ञानेश्वर, गोंगबु साथै ललितपुरका पार्षदहरू, घरेलु संगतिका मुख्य अगुवाहरू, महिला, पुरुष, बाल तथा युवा विभाग लगायत अन्य विभिन्न विभाग र समितिका संयोजक साथै प्रतिनिधिहरू, G-12 का अगुवाहरूसमेत सहभागी भएको उक्त भेलामा सभाध्यक्ष पाष्टर डा. राजेन्द्र कु. रोंगोंगले सम्पूर्ण सहभागीहरूलाई स्वागत गर्दै उपस्थित भएकाहरूलाई कार्यक्रमको रूपरेखा जानकारी गराउनुभयो । शुरूमा पाष्टर वीर बहादुर खवासले मत्ती १०:२० बाट सबैलाई रमाउन उत्साहित गर्नुभयो । तत्पश्चात् चारवटा मण्डलीहरूबाट संक्षिप्तरूपमा प्रतिवेदन साथै भावी कार्ययोजना प्रस्तुत गरिएको थियो ।

प्रस्तोताहरूमा नेइम ज्ञानेश्वरबाट पाष्टर अशोक मुखिया, जोरपाटीबाट एल्डर पासाङ डेविड शेर्पा, गोंगबुँबाट डीकन वीर नारायण पण्डित र ललितपुरबाट पाष्टर वीर बहादुर खवास हुनुहुन्थ्यो । प्रायः सबै मण्डलीहरूमा २०१० का कार्यक्रमलाई २०११ मा पनि निरन्तरता दिने कुरा स्पष्ट गराइयो । कतिपय मण्डलीहरूमा अगुवा संख्यामा वृद्धि ल्याइएको र अन्य मण्डलीहरूमा यस कार्यलाई बिस्तारित गर्दै लैजाने योजना रहेको कुरा पनि उक्त भेलालाई अवगत गराइयो । आफ्नै मण्डली भवन नभएका ठाउँहरूमा तदारूकताका साथ रकम संकलन गर्ने र आराधना भवन निर्माण गर्ने योजना पनि जानकारीमा आयो ।

उक्त भेलामा पाष्टर सामुएल कार्थकले 'वृहत् शहरी अभियान' Mega City Campaign बारे जानकारी दिनुभयो । विभिन्न संचार माध्यमबाट डिसेम्बर २५, २०१० देखि जनवरी २४, २०११ सम्म एक महिनाभरि काठमाडौं शहरमा सुसमाचारीय कार्यक्रम संचालन गर्ने र सबै मण्डलीहरूलाई प्रार्थना र प्रचारमा सरिक गराउने कुरा मण्डलीले चुनौतिका रूपमा लिनुपर्ने बाध्यता व्यक्त गर्दै यस बृहत् अभियानमा नेइम जुट्नुपर्ने कुरामा जोड दिनुभयो । तत्पश्चात् श्री लेखनाथ पौडेलले मिशन विभागको प्रतिवेदन दिंदै मिशन कार्य न केबल काठमाडौंभित्र तर बाहिर पनि, न केबल देशभित्र तर बाहिरी मुलुकहरूमा पनि भइरहेको जानकारी दिनुभयो । नेपालका २८ जिल्लामा ९५ भन्दा बढी नेइमका शाखा मण्डलीहरू भएको र २०११ को अन्तसम्ममा यो संख्या १३० पुऱ्याउन लक्ष्य रहेको पनि उहाँले अवगत गराउनु भयो । उहाँले प्रति महिना दुई मण्डली थप हुँदै आएको तथ्य पनि प्रष्ट्याउनुभयो ।

सन् २०१० को मिशन यात्रा फलदायी भएको, २०१ जना ८० भन्दा बढी मण्डलीहरूमा सेवकाई गर्न पुगेका, विभिन्न ठाउँमा गरी ४२ जना अगुवाहरूलाई मासिकरूपमा पारिश्रमिक दिंदै आएको र सुसमाचार नपुगेका जिल्ला र ठाउँहरूमा सन् २०११ मा सुसमाचार पुऱ्याउने कार्यमा मण्डलीका विश्वासीहरूलाई सरिक गराउने लक्ष्य रहेको पनि श्री लेखनाथले जानकारी दिनुभयो ।

उक्त भेलामा एल्डर दिल थापाले अक्टोबर १४, २०१० (कार्तिक २८, २०६७) मा बसेको नेइम कार्यकारिणी समितिको बैठकको मुख्य निर्णयहरु पनि पढेर सुनाउनुभयो । नेइम कार्यकारिणीको बनोटबारे उल्लेख गर्दै नेइम निर्देशिका २०६६ मा व्यवस्था गरिएबमोजिम उक्त समितिमा २१ सदस्यहरू रहेको कुरा अवगत गराउनुभयो । उहाँले नेइम निर्देशिका २०६६ का मुख्य बुँदाहरू पनि पढी सुनाउनुभयो ।

एल्डर दिल थापाले नेइम कार्यकारिणी समितिको बैठक पाष्टर वीर बहादुर खवासको अध्यक्षतामा मार्च २०११, जुलाई २०११ र नोभेम्बर २०११ मा समेत गरी वर्षमा ३ पटक हुने र नेइम परिषद् र अन्य अगुवाहरूको भेला पाष्टर डा. राजेन्द्र कु. रोंगोंगको अध्यक्षतामा जुन २०११ र डिसेम्बर २०११ मा गरी वर्षमा २ पटक हुने निर्णय भएको कुरामा समेत भेलालाई अवगत गराउनुभयो ।

अन्तमा, पाष्टर डा. राजेन्द्र कु. रोंगोंगले २०११ मिशन सम्मेलन नोभेम्बरमा हुने जानकारी दिनुभयो । बडादिनको कार्यक्रम आ-आफ्नै मण्डलीमा गर्ने कि सामुहिकरूपमा गर्ने भन्ने प्रश्नको सोधनी गर्दा अधिकांश सहभागीहरूले सामूहिकरूपमा नै गर्ने भन्ने मत व्यक्त गरेकाले यस वर्षको बडादिनको उत्सब सामूहिकरूपमा नै मनाउने भन्ने निर्णय सुनाउनुभयो । पाष्टर डा. राजेन्द्र कु. रोंगोंगले संक्षिप्तरूपमा निम्न लिखित छ बटा बुँदाहरू पनि सहभागीसमक्ष राख्नुभयो ।

१ मर्कूस १:३८-३९ अनुसार अरू शहरहरूमा पनि सुसमाचार सुनाइनुपर्छ

२ मत्ती २८:१९-२० अनुसार चेला बनाउने, बप्तिस्मा दिने र सिकाउने काम हाम्रो हो

३ मत्ती ४:२३-२४ अनुसार हामीले येशूले जस्तै अरूहरूको जीवनमा प्रभाव पारेर उनीहरूको जीवन र सम्पूर्ण समाजलाई नै रूपान्तरित गर्नुपर्छ

४ लुका ४:१८-१९ अनुसार चाहे लेखन चाहे कथनद्वारा अन्यायको विरुद्ध पैरवी गर्नुपर्छ

५ प्रेरित १४:१५-१७ अनुसार हामीले पनि आश्चर्य कर्म र चिन्हद्वारा अरूहरूलाई जीवित परमेश्वरतिर फिराउनुपर्छ साथै बातावरण पनि हाम्रो चासोको विषय हुनुपर्छ

६ रोमी १२:१८, २ कोरन्थी ५:१७-२० अनुसार हामी शान्तिका दूत बनेर मेलमिलाप कायम राख्ने कार्यमा सधैं लागिपर्नुपर्छ भन्ने कुरामा जोड दिनुभयो ।

पाष्टर महेश थान्जुले प्रभुभोज कार्यक्रम संचालन गर्नुभयो । पाष्टर दफ्तन सादाको प्रार्थना र आशिर्वादसाथ भेला समापन भयो । लेखकले यस भेलालाई ऐतिहासिक ठान्छ । मण्डली यसरी विभिन्न मोड पार गर्दै यस अवस्थामा आइपुगेको छ । प्रभुको स्तुति होस् । आमेन् ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुर्जुधारा |
|---|---|---|---|---|---|---|
| मंसीर २५ गते<br>डिसेम्बर ११ ता. | पाष्टर<br>सामुएल कार्थक | पाष्टर<br>अशोक मुखिया | डीकन<br>सुरेश पुरकोटी | डीकनेस्<br>श्यारोन रोंगोंग | पाष्टर<br>दफ्तन सादा | संयुक्त सेवा<br>ललितपुर चर्च |
| पौष ३ गते<br>डिसेम्बर १८ ता. | डीकनेस्<br>राइनी डीविट | एल्डर<br>पूर्ण सुनुवार | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>लाजरस भट्टराई | एल्डर<br>श्री लक्ष्मी सैंजु | श्री<br>ध्रुव घिमिरे |
| पौष १० गते<br>डिसेम्बर २५ ता. | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त ख्रीष्टमस सेवा – सानो गौचरण** | | | पाष्टर<br>दफ्तन सादा | संयुक्त ख्रीष्टमस सेवा<br>सानो गौचरण |
| पौष १७ गते<br>जनवरी १ ता. | पाष्टर<br>रोबर्ट कार्थक | श्रीमती<br>रश्मिला तामाङ्ग | श्री<br>सिद्धि खालिङ | पाष्टर<br>राजेन्द्र रोंगोंग | श्री<br>बीर बहादुर देउला | संयुक्त सेवा<br>ललितपुर चर्च |

प्रभु येशू ख्रीष्टको जन्मोत्सव तथा नव वर्ष २०११ को सुखद् अवसरमा नेइम मण्डली अन्तरगतका सम्पूर्ण परिवारहरु, आबद्ध मण्डलीहरु, देश विदेशमा रहनुभएका सम्पूर्ण मण्डलीका विश्वासीहरुमा साथै सम्पूर्ण देश तथा देशबासीहरुप्रति शान्ति, मेलमिलाप, प्रेम र एकताको लागि प्रार्थना गर्दछौं ।

### नव दम्पत्ति परिवारलाई हार्दिक बधाई



मंसीर १३ गते/नोभेम्बर २९ ता. सोमबार नेपाली इसाई मण्डली ज्ञानेश्वरमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **पदम सुन्दर दास(पिटर)/सुशीला (क्याथरिन) राई** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर १४ गते/नोभेम्बर ३० ता. मंगलबार नेपाली इसाई मण्डली जोरपाटीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **राजिव/रमा तामाङ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### प्रार्थनाको लागि अनुरोध

ख्रीष्टमस तथा नयाँ वर्ष २०११ को उपलक्ष्यमा **ख्रीष्टको परिवर्तन गर्ने शक्तिबाट** उपत्यकामा भएका मानिसहरूलाई लक्षित गरी एउटा (Mega City Campiagn) बृहत शहरी अभियान" नामक विशेष सु-समाचारीय कार्यक्रम संचालन गरिंदैछ ।

**उक्त कार्यक्रम परिवर्तन गर्ने शक्ति अभियान हाल देशमा देखा परेको सबै प्रकारका हिंसा, भ्रष्टचार, बलात्कार चोरी, डकैती, दुर्व्यसनका लतमा परेका साथै विभिन्न प्रकारले जीवनदेखि नै हार खाएर निराशामा डुबेका मानिसहरूलाई ख्रीष्टको परिवर्तन गर्ने शक्ति को अनुभव गराउने लक्ष्य यस अभियानले राखेको छ ।** जीवन परिर्वतका घटनाबारे विभिन्न संचार माध्यमहरू जस्तै रेडियो, टिभी, पत्र-पत्रिका, पुस्तक आदिद्वारा जानकारी दिने मुख्य लक्ष्य राखेको यो अभियान यही २०६७ पौष १० गते शुरू भई माघ १० गते/डिसेम्वर २५-जनवरी २४, २०११ सम्म सक्रिय रहने छ । **यस अभियानको लागि मण्डलीलाई व्यक्तिगत, पारिवारिक र मण्डलीमा विशेष प्रार्थना गरिदिनुहुन अनुरोध छ ।**

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| **आराधना सेवा** | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:०० बजे<br>बिहान ८:०० बजे र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबुं,<br>जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| **आत्मिकी तथा चंगाई सेवा** | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबु, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| **घरेलु संगति** | बुधबार, बिहीबार, शुक्रबार साथै हाप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| **प्रार्थना सभा** | आइतबार<br>आइतबार<br>सोमबार<br>मंगलबार<br>बुधबार<br>बिहीबार<br>शुक्रबार<br>शुक्रबार | बिहान ६:०० बजे<br>बेलुकी ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बज<br>बिहान ५:०० बजे | नयाँ बानेश्वर, मीनभवन<br>लिपिकोट<br>ज्ञानेश्वर, जोरपाटी, नाइलेभारे, गाम्छा, नयाँपाटी, गोंगबुं, पनौती सिर्जनानगर<br>धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला)<br>ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैसेपाटी<br>गोंगबुं, कमलाक्षी<br>ज्ञानेश्वर, जोरपाटी, गोंगबुं, पनौती, कालीमाटी गाम्छा र सुन्दरीजल<br>गोल्फुटार |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा |
|---|---|---|---|---|---|---|
| मंसीर २५ गते<br>डिसेम्बर ११ ता. | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>सागर थापा | एल्डर<br>जमान घ्लान | पाष्टर<br>रोबर्ट कार्थक | श्री<br>जय सिंह |
| पौष ३ गते<br>डिसेम्बर १८ ता. | एल्डर<br>पासाङ डेविड शेर्पा | एल्डर<br>अष्ट श्रेष्ठ | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>गोपी राई | डीकन<br>बी.एन. पण्डित | श्रीमती<br>मीरा गुरुङ |
| पौष १० गते<br>डिसेम्बर २५ ता. | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त ख्रीष्टमस सेवा – सानो गौचरण | | | | |
| पौष १७ गते<br>जनवरी १ ता. | पाष्टर<br>एस. सोदेम्बा | एल्डर<br>जमान घ्लान | संयुक्त सेवा<br>जोरपाटी चर्च | संयुक्त सेवा<br>जोरपाटी चर्च | पाष्टर<br>एल.पी.न्यौपाने | श्री<br>तीतस सापकोटा |

## डिसेम्बर महिनाको कार्यक्रम

* मंसीर २५ गते/डिसेम्बर ११ ता. शनिबार बाल संगति महोत्सव ललितपुर
* पौष १ गते/डिसेम्बर १६ ता. बिहीबार महिला उपवास प्रार्थना बिहान १०:०० बजे आ-आफ्नै मण्डली
* पौष ३ गते/डिसेम्बर १८ ता. शनिबार बाल संगति महोत्सव ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर र जोरपाटी
* पौष १० गते/डिसेम्बर २५ ता. शनिबार संयुक्त ख्रीष्टमस सेवा बिहान ११:०० बजे सानो गौचरण
* पौष १६ गते/डिसेम्बर ३१ ता. शुक्रबार आधा रातको प्रार्थना आ-आफ्नै ठाउँ

## जानकारी

१. कार्तिक १३ गते/अक्टोबर ३० ता. शनिबार नेइम ललितपुरको सातौं बार्षिक उत्सव मनाइयो ।

२. कार्तिक २६ गते/नोभेम्बर १२ ता. शुक्रबार पनौती मण्डलीको १६ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

३. कार्तिक २७ गते नोभेम्बर १३ ता. शनिबारको आराधना सेवामा सिर्जनानगर मण्डलीमा ६ जना बाल-बालिकाहरूको बाल अर्पण भयो ।

४. कार्तिक २८ गते/नोभेम्बर १४ ता. आइतवार ज्ञानेश्वर मण्डलीको ४० र सिर्जनागरको ४ जना गरी जम्मा ४४ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

५. मंसीर ५ गते/नोभेम्बर २१ ता. आइतवार नेइम परामर्श विभागको आयोजनामा ४० वर्ष मुनिका दम्पत्तिहरूको परिवारिक सम्वर्द्धन कार्यशाला Family Enrichment Seminar विषयको कार्यशाला ज्ञानेश्वर मण्डलीमा भएको थियो । उक्त कार्यशालामा नेइमका ४३ दम्पत्तिहरूको सहभागिता थियो । सो कार्यशालामा पाष्टर महेश थाँजुले सिकाउनुभएको थियो ।

## प्रार्थनाका विषयहरू

१. प्रधानमन्त्री, मन्त्री मण्डल, विभिन्न प्रशासनिक निकायहरू, सुरक्षा तथा न्यायिक पदाधिकारी, सांसद, सबै राजनैतिक दलका नेताहरू, नागरिक समाज तथा मानब अधिकारका अगुवाहरू सबै एकता, मेलमिलाप र समझदारीमा रही देशलाई ठीक प्रकारले डोऱ्याउन सकून् ।

२. अन्धकारको शक्ति, तिनका दुष्टकार्यहरू, योजनाहरू र किल्लाहरूको विरूद्धमा ख्रीष्ट येशूको नाउँमा अधिकारसाथ प्रार्थना गरौं जसको फलस्वरुप गरीवी, चोरी, डकैती, हत्या, अपहरण, चेलीबेटी बेचबिखन आदि जस्ता कुराहरू हटेर गएको होस् ।

३. ख्रीष्टमसको अवसरमा विभिन्न माध्यमहरू जस्तैः रेडियो, एफ.एम., टि.भी., नाटक, भजन, गीतद्वारा प्रचारिने सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् साथै विभिन्न मण्डलीहरूमा हुने ख्रीष्टमस सेवामा परमेश्वरको आशिष मागौं ।

४. मण्डलीमा कसैले पनि रीतिविधिको रुपमा प्रभु येशूलाई नअङ्गालेको होस् । मण्डलीमा आउनुहुनेहरू सबै ख्रीष्ट प्रभुलाई सत्यतामा प्रेम गर्नेहरू हुन सकून् जसको कारण मण्डली संख्यामा मात्र होइन गुणमा पनि बढ्दै जान सकून् ।

५. नेइम परिषद्का एल्डर, डीकन, डीकनेस्हरूको सेवकाई, काम-व्यवसाय, परिवार साथै उहाँहरू एउटै दर्शनमा रहेर मण्डलीलाई डोऱ्याउन सकून् ।

६. मंगलबार हुने आत्मिकी तथा चंगाई सेवाद्वारा जागृति, चंगाई, छुट्कारा, आत्माको नविकरण, ताजापन, उत्साह, चिन्ह र आश्चर्यकर्म देख्न सकौं जसको कारण मण्डली अझ साक्षी र गवाही भई अझ धेरै मानिसहरूलाई प्रभुको राज्यमा ल्याउनेहरू हुन सकौं ।

७. एक लाख जवान जित्ने दर्शन लिएका मण्डलीका जवानहरूले स्कूल, क्याम्पस, साथै काम गर्ने ठाउँहरूमा आ-आफ्नो साथीहरूलाई सुसमाचार सुनाउन सकून् ।

८. नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीहरू साथै देशभित्र, देशबाहिर मिशनरी भएर सेवकाईको लागि जानुभएकाहरूको सेवकाई, परिवार, मण्डली साथै मण्डलीका सम्पूर्ण आवश्यकता र विश्वासीहरूको लागि प्रार्थना गरिदिऔं ।

९. विदेशमा रोजगार, पढाईको लागि जानुभएकाहरूले आफ्नो काम, पढाईको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् र उहाँहरू कुनै न कुनै संगतिमा रहन सकून् साथै उहाँहरूको परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार Sunday** | **१९** 5<br>मण्डलीका सम्पूर्ण क्षेत्रमा सहयोग पुऱ्याइराख्नुभएकाहरूको व्यक्तिगत, परिवार र सेवकाईमा आशिष मागिदिऔं ।<br>*फिलिप्पी ३:१९* | **२६** 12<br>शाखा/आवद्ध मण्डलीमा पाष्टर तथा सबै अगुवाहरूले सबै अवस्थाहरूमा परमेश्वरको अगुवाई खोज्न सकून् ।<br>*यशैया ४१:८-१०* | **४** 19<br>विश्वासीहरूको जीवनमा प्रार्थना, सुसमाचार प्रचार, वचन पढाई, प्रशंसा कहिले पनि नरोकेको होस् ।<br>*प्रेरित २:४२-४७* | **११** 26<br>ख्रीष्ट प्रभुबाटको मुक्ति र सित्तैको उद्धारको सुसमाचार सुन्नुभएकाहरू साथै सुनी ग्रहण गर्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>*रोमी १०:९-११* |
| **सोमबार Monday** | **२०** 6<br>व्यक्तिगत, पारिवारिक र सामुहिक रुपमा चढाएको प्रार्थनाको उत्तर साथै नपाएका उत्तरमा पनि हामी सबै धन्यवादी हुन सकौं ।<br>*१ थेसलोनिकी ५:१६-१८* | **२७** 13<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार भइरहन सकौं ।<br>*हितोपदेश ३:९,१०* | **५** 20<br>विभिन्न व्यापार, व्यवसाय, नोकरी गर्नुहुनेहरूको कमाइमा परमेश्वरबाटको प्रशस्त आशिष र उन्नति मागिदिऔं ।<br>*व्यवस्था २८:८-१३* | **१२** 27<br>प्रत्येक परिवारले प्रभुलाई परिवारमा सधैं पाहुना होइन तर प्रभु सम्झी आदर गर्नेहरू हुन सकौं ।<br>*हिब्रू १२:२८-२३* |
| **मंगलबार Tuesday** | **२१** 7<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित भएर अरूको निम्ति आशिषको कारण बन्न सकून् ।<br>*२ कोरिन्थी६: ३-१०* | **२८** 14<br>आत्मिकी सभामा धेरैले आत्माको भरपूरी पाउन सकून साथै जुवाहरू भाँचिएको होस् र चंगाई तथा निको हुवाई पाउन सकौं ।<br>*मत्ती ४:१८-१९, जकरिया ४:६* | **६** 21<br>सबै विश्वासीहरू निरन्तर सेवा संगतिमा रहेको कारणले गर्दा सबै अवस्थामा परमेश्वरको इच्छा पूरा गर्दै जानेहरू हुन सकौं ।<br>*भजनसंग्रह ९२:१२-१४* | **१३** 28<br>सबै विश्वासीहरू जीवनका सबै क्षेत्रमा परमेश्वरको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्नेहरू हुँदै जान सकौं ।<br>*फिलिप्पी २:१२-१७* |
| **बुधबार Wednesday** | **२२** 8<br>सबै घरेलु संगतिहरूमा एकअर्कालाई सहयोग र उत्साह दिँदै एक आपसको घनिष्ठता अझ बढेर गएको होस् ।<br>*हिब्रू १०:२४-२५* | **२९** 15<br>भोलि हुने महिला उपवास प्रार्थना सभाहरूमा चढाएका प्रार्थनाद्वारा परिवार-परिवारमा अझ धेरै आशिष आउन सकून् ।<br>*मत्ती ७:७-११* | **७** 22<br>अगुवाको स्थानमा रहनुभएकाहरूले उदाहरण भएर आफ्नो बगालको हेरचाहा गर्न सकून् र परमेश्वरमा डोऱ्याउन सकून् ।<br>*१ पत्रुस ५:१-४* | **१४** 29<br>प्रभुले थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं ।<br>*२ तिमोथी ३:१४-१५* |
| **बिहीबार Thursday** | **२३** 9<br>बाल संगतिका बाल बालिकाहरूहरूको आत्मिक जीवनको साथै पढाई, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष मागिदिऔं ।<br>*मर्कूस १०:१३-१६, लुका २:४०* | **१ पौष** 16<br>मण्डलीका सबै जवानहरू संसारसँग एकै चालको नभई सधैं होशियारीसाथ जीवन जिउनका लागि प्रभुसँग अनुग्रह मागिदिऔं ।<br>*१ पत्रुस १:१३-१६* | **८** 23<br>परिवारका सबै परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् ।<br>*१ पत्रुस ३:१-१७* | **१५** 30<br>हामी आफ्नो लागि र परिवारको लागि मात्र होइन तर अरूहरूको लागि पनि जिउनेहरू भई आशिषको कारण बन्न सकौं ।<br>*रोमी १५:१-७* |
| **शुक्रबार Friday** | **२४** 10<br>मण्डलीलाई प्रशस्त आशिषमा डोऱ्याउनुहुने साथै आशिषको कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् । *भजनसंग्रह १४७:१२-२०* | **२** 17<br>भोलि नेपालभरि हुने आराधना सेवामा गरेको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>*२ इतिहास २०:२१-३०* | **९** 24<br>सारा विश्वव्यापी मण्डलीहरूमा हुने सेवामा परमेश्वरको इच्छा पूरा भएको होस् । ती संगतिद्वारा परमेश्वरलाई नै महिमा मिलेको होस् ।<br>*यशैया ५५:६-१३* | **१६** 31<br>आउँदो वर्षभरि आशिषित भएर जिउनको लागि आजदेखि नै दिन प्रतिदिन विजयको पाइला अघि बढाउँदै जान सकौं ।<br>*यहोशू १:२-३* |
| **शनिबार Saturday** | **२५** 11<br>यी आखिरी दिनहरूमा संसारका धेरै निराश गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नैं सबै विश्वासीहरूलाई स्थिर र अटल रहन सहायता गरून् ।<br>*पहिलो थेसलोनिकी ५:२१-२४* | **३** 18<br>विभिन्न देशहरूमा पढाई, काम-व्यवसाय तथा अन्य कारणले जानुभएकाहरूको सुरक्षा सबै कुरामा आशिष मागिदिऔं ।<br>*भजनसंग्रह १७:५-८* | **१०** 25<br>मिशनेरी भएर सेवकाईका लागि जानुभएकाहरूको सेवकाई, परिवार, संगति झुण्डको लागि साथै उहाँहरूको सेवकाईद्वारा अझ धेरै प्रभुमा आउन सकून् ।<br>*यूहन्ना १५:१६* | **१७** **January-2011** 1<br>कारागारमा प्रभु येशूलाई चिनेर विश्वास गर्ने दाजुभाइ तथा दिदीबहिनीहरूको बीचमा हुने सेवकाईद्वारा अझै धेरैले प्रभुलाई चिन्न सकून् ।<br>*प्रेरित १६:२५-२६* |

**त्यही इलाकामा गोठालाहरू थिए, जसले चउरमा बसेर राती आफ्नो बगालको रखवाली गर्थे । प्रभुका एउटा स्वर्गदूत तिनीहरूकहाँ देखा परे, र प्रभुको तेज तिनीहरूका वरिपरि चम्क्यो, अनि तिनीहरू साह्रै डराए । तब स्वर्गदूतले तिनीहरूलाई भने, "नडराओ, किनभने हेर, म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ । आज दाऊदको शहरमा तिमीहरूका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ ।**

**लूका २:८-११**

प्रकाशकः बेथम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८५/४४१२१०२ Email:nim@wlink.com.np, www.nim.org.np